# बैठक नं. एक्काइसौँ
# मितिः २०७५।०३।०८ गते बुधबार

मुसिकोट नगरपालिका  नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री देविलाल गौतम ज्यूको अध्यक्ष्यतामा र तपशिल बमोजिमका कार्यपालिकाका सदस्यहरु एवं अन्य आमन्त्रीत व्यक्तिहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु पारित गरियो ।

निर्णयहरुः

यस बैठकमा पेश हुन आयका विभिन्न प्रस्तवाहरु उपर व्यपाक छलफल गरी तपसिल बमोजिमका निर्णयहरु परित गर्ने निर्णय गरियो ।

**तपशिल**

**१ <u>नगर सभा सम्बन्धमा</u>**

यस अघि मौखिक रुपमा सूचित गरी मिति २०७५।३।१० मा तेस्रो नगरसभा आह्वान गरी पत्राचार गरिए बमोजिम निर्धारित मितिमो विहान ११:०० बजेदेखि नै नगरसभा प्रासम्भ गर्ने निर्णय गरियो ।

**२. <u>नीति ताथा कार्यकम</u>**

आगामी आ.व. २०७५।०७६ मा प्रस्तुत गर्नका लागि आजको बैठकमा पेश भएको नीति कार्यक्रमको सम्यौदा उपर व्यापक रुपमा छलफल गरी समान्य परिमार्जित सहित २०७५।०३।१० मा संचालन हुने नगरसभामा पेश गर्नका लागि स्वीकृत गर्ने ।

**३.<u>राजश्व परामर्श समितिले पेश गरेका दर र राजश्व अनुमान सम्बन्धमा</u>**

राजश्व परामर्श समितिको बैठकबाट निर्णय भई पेश भएका यस नगरपालिकामा आगामी आ.व. २०७५।०७६ मा लागू गर्नका लागि प्रस्तावित करको नीति तथा दरहरु उपर विस्तृत छलफल गरी उक्त करका दर नीति तथा  अनुमानिलाई सामान्य परिमार्जन गरी स्वीकृत गर्नुका साथै सोही आधारमा नगररसभामा आर्थिक विधेय पेश गर्ने ।

**४.<u>श्रोत अनुमान तथा सिमा निर्धारण सम्बन्धमा</u>**

राजश्व परामर्श समितिको बैठबाट निर्णय भई प्राप्त राजश्वबाट अनुमानलाई समे आधार मानी श्रोत अनुमान तथा सिमा निर्धारण समितिले तय गरेका तपशिल बमोजिमको श्रोत अनुमानलाई स्वीकृत गर्ने साथै सोही आधारमा नगरसभामा विनियोजन विधेयक पेश गर्ने ।

**५.<u>आगामी आ.व. को बजेट तथा कार्यक्रम सम्बन्धमा</u>**

श्रोत अनुमान तथा सीमा निर्धारण समितिको अनुमान गरेको आयका आधारमा प्रचलित कानून तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम विभिन्न विषयगत समितिहरबाट क्षेत्रगत रुपमा सबै वडाहरुका लागि सीमा तोकी उपलब्ध गराईएको बजेट सीमाभित्र रही बस्ती टोल हुदै वडाहरुबाट छनौट भई आएको बजेट तथा कार्यक्रम सहितका योजनाहरु बजेट तथा कार्यभक्रम तर्जुमा समिति र विषयगत समितिमा छलफल भई नगर कार्यपालिकामा पेश भएको हुदा सो उपर व्यापक छलफल गरियो ।  साथै प्राप्त बजेट तथा कार्यक्रमहरु सहितका योजनाहरु स्वीकृत गरी आगामी नगर सभामा अनुमोदनका लागि पेश गर्ने

६. संघीय मामिला तथा समान्य प्रशासन मान्त्रालयबाट यस नगरपालिकाको लागि उपलब्ध अन्तरिम संगठन संरचना तथा दरबन्दि तेरिजलाई यस नगरपालिकाको आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृतका लागि नगर सभामा पेश गर्ने ।

**७. अनुरोध सम्बन्धमा**

विशेष अनुदान निर्वाचन क्षेत्र विकास कोष, संघ तथा प्रदेशबाट रकम प्राप्त हुन आएमा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी कार्यन्वयन गर्ने व्यवस्था मिलाउन अख्तियारी दिन नगरसभामा अनुरोध गर्ने ।

८. २०७४ साल चैत्र ३० गते पश्चात नगर कार्यपालिका, नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत विभिन्न विषयत समितिहरु, अख्तियारी प्राप्त शाखा प्रमुख लगाएतका पदाधिकारीहरुले प्रचलित नेपाल सरकारको कानून बमोजिम गरेका हालसम्मका प्रशासकीय तथा आर्थिक निर्णयहरु अनुमोदन गर्न नगर सभामा अनुरोध गर्ने ।

अन्तमा आजको बैठक सौहार्द पूर्ण बातावरणमा सम्पन्न भयो ।